# गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६

प्रमाणीकरण र नेपाल राजपत्रमा प्रकाशित मिति

२०६६।१०।७

संवत् २०६६ सालको ऐन नं. ९

## गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानूनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : प्रचलित कानूनमा रहेको राजतन्त्रको सन्दर्भ अन्त्य गरी गणतान्त्रिक व्यवस्थाको सन्दर्भ कायम गर्न र अन्य केही विषयहरुमा समेत सामयिक सुधार गर्न केही नेपाल कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६" रहेको छ।

(२) यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको मानिनेछ।

२. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधन : नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को,-

(१) दफा २ को,-

(क) खण्ड (झ) को,-

(१) उपखण्ड (घ) को अन्त्यमा रहेको "र" भन्ने शब्द झिकिएको छ।

(२) उपखण्ड (ङ) को सट्टा देहायको उपखण्ड (ङ) राखिएको छ :-

"(ङ) २०६३ साल जेठ ४ गतेदेखि २०६३ साल पुस ३० गतेसम्म गरिएको वा गरिनु पर्ने कुनै कामका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७, प्रतिनिधि सभाको घोषणा, २०६३ तथा अन्य कानून बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्लाई, र"

(३) उपखण्ड (ङ) पछि देहायको उपखण्ड (च) थपिएको छ :-

"(च) २०६३ साल माघ १ गतेदेखि गरिएको वा गरिनु पर्ने कुनै कामका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ र अन्य कानून बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।"

(ख) खण्ड (ञ) को उपखण्ड (घ) मा रहेका "२३ गतेदेखि" भन्ने शब्दहरु पछि "२०६३ साल जेठ ३ गतेसम्म" भन्ने शब्दहरु थपिएका छन्।

(ग) खण्ड (ठ) मा रहेका "श्री ५ महाराजाधिराजबाट जारी गरिबक्सेका" भन्ने शब्दहरुको सट्टा "जारी भएका" भन्ने शब्दहरु राखी सोही खण्डमा रहेका "वा नेपाल अधिराज्यको संविधान, २०४७ तथा प्रतिनिधि सभाको घोषणा, २०६३" भन्ने शब्दहरुको सट्टा "वा प्रतिनिधि सभाको घोषणा, २०६३ वा नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन्।

Nepal Law Commission

(२) दफा ३ को,-

(क) खण्ड (ख) मा रहेका "अरु कुनै नेपाल ऐनहरुको हकमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) संवत् २०६३ साल जेठ ४ गतेदेखि संवत् २०६३ साल पुस ३० गतेसम्म बनेको ऐनको हकमा प्रतिनिधि सभाले पारित गरेको व्यहोरा सभामुखले प्रमाणीकरण गरेको दिनदेखि ।"

(ग) खण्ड (ग) पछि देहायको खण्ड (घ) र (ङ) थपिएका छन् :-

"(घ) संवत् २०६३ साल माघ १ गतेदेखि २०६५ साल साउन ७ गतेसम्म बनेको ऐनको हकमा व्यवस्थापिका-संसदले पारित गरेको व्यहोरा सभामुखले प्रमाणीकरण गरेको दिनदेखि, र

(ङ) संवत् २०६५ साल साउन ८ गतेदेखि बनेको ऐनको हकमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाबाट पारित भई राष्ट्रपतिले प्रमाणीकरण गरेको दिनदेखि ।

तर नेपाल राजपत्रमा त्यस्तो ऐन प्रकाशन हुनु अगावै गरिसकेको वा नगरेको कुनै दण्डनीय कुराको हकमा त्यस्तो ऐन बमोजिम दण्ड सजाय हुँदैन ।"

(३) दफा २७ पछि देहायको दफा २७क. थपिएको छ :-

"२७क. <u>संशोधन वा खारेज नभएसम्म प्रचलित कानून कायमै रहने</u> : संवत् २०६५ साल जेष्ठ १६ गतेभन्दा अघि जारी भएका तथा तत्काल प्रचलित संविधान बमोजिम बनेका र सो दिनसम्म नेपाल राज्यमा बहाल रहेका कानूनहरु संशोधन वा खारेज नभएसम्म कायमै रहनेछन् ।"

३. <u>आवश्यक वस्तु संरक्षण ऐन, २०१२ मा संशोधन</u> : आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को,-

(१) दफा ३ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरुको सट्टा "जिल्ला प्रशासन कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ६ मा रहेका "शाही सेनाका" भन्ने शब्दहरुको सट्टा "नेपाली सेनाका" भन्ने शब्दहरु र "रिजर्भ, ग्यारिजन वा श्री ५ बाट खास कामको निमित्त खडा गरिबक्सेको यस्तै अरु सङ्गठित दललाई" भन्ने शब्दहरुको सट्टा "रिजर्भ र ग्यारिजनलाई" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>प्रहरी ऐन, २०१२ मा संशोधन</u> : प्रहरी ऐन, २०१२ को,-

(१) दफा ३३क. को खण्ड (ख) मा रहेको "राजभक्ति" भन्ने शब्द झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

५. <u>नागरिक अधिकार ऐन, २०१२ मा संशोधन</u> : नागरिक अधिकार ऐन, २०१२ को दफा २ मा रहेका "नेपालको संविधानको धारा ७ र नेपाल नागरिकता ऐन, २०२०" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल नागरिकता ऐन, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

Nepal Law Commission

६. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा संशोधन : प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को,-

(१) दफा २ को खण्ड (ख) मा रहेका "राजप्रासादमा उपयोग भए-गरिएका वस्तु," भन्ने शब्दहरु झिकिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

७. प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३ मा संशोधन : प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३ को दफा ६ मा रहेका "यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरु लागू हुनेछन्" भन्ने शब्दहरुको सट्टा "यो ऐन लागू हुनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

८. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ मा संशोधन : गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को,-

(१) दफा ५ को उपदफा (१) मा रहेका "नेपाल अधिराज्यमाथि" भन्ने शब्दहरुको सट्टा "नेपालको इलाकामाथि" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेका "शाही सेना" भन्ने शब्दहरुको सट्टा "नेपाली सेना" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(४) दफा १२क. खारेज गरिएको छ ।

९. विर्तावालले विर्तामा रकम (भट्टी चर्सा आदि) लगाई खान नपाउने ऐन, २०१५ मा संशोधन : विर्तावालले विर्तामा रकम (भट्टी चर्सा आदि) लगाई खान नपाउने ऐन, २०१५ को ठाउँ ठाउँमा रहेको "अञ्चलाधीश" भन्ने शब्दको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरु राखिएका छन् ।

१०. गाली र बेइज्जती ऐन, २०१६ मा संशोधन : गाली र बेइज्जती ऐन, २०१६ को,-

(१) दफा १ को उपदफा (३) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(२) दफा ४ को उपदफा (२) मा रहेका "राष्ट्र सेवकहरुको (भ्रष्टाचार निवारण) ऐन, २०१३" भन्ने शब्दहरुको सट्टा "भ्रष्टाचार निवारण ऐन, २०५९" भन्ने शब्दहरु राखिएका छन् ।

११. विर्ता उन्मूलन ऐन, २०१६ मा संशोधन : विर्ता उन्मूलन ऐन, २०१६ को,-

(१) दफा ४ को उपदफा (३) मा रहेका "इलाका अञ्चलाधीश" र "अञ्चलाधीश" भन्ने शब्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरु र "आय र कर अदालत" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित राजस्व न्यायाधीकरण" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ७ को उपदफा (५) मा रहेका "आय र कर अदालत" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित राजस्व न्यायाधीकरण" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

१२. राज्य अदालत उन्मूलन ऐन, २०१७ मा संशोधन : राज्य अदालत उन्मूलन ऐन, २०१७ को,-

(१) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(२) दफा ३ र ७ खारेज गरिएका छन् ।

Nepal Law Commission

१३. राज्य रजौटा ऐन, २०१७ मा संशोधन : राज्य रजौटा ऐन, २०१७ को,-

(१) दफा २ को उपदफा (३) झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(३) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

“६. पूजाआजा गुठी चलाउन सकिने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०६४ साल चैत्र मसान्तसम्म तत्कालिन कानून बमोजिम कायम रहेका राजा रजौटाहरुले कुनै देवालय, मठ मन्दिरमा पूजाआजा सञ्चालन गरे वा गराएको रहेछ भने त्यस्तो देवालय, मठ मन्दिर सञ्चालनका लागि छुट्टै आयस्रोतको व्यवस्था भएकोमा बाहेक त्यस्तो देवालय, मठ मन्दिरमा चलिआएको पूजाआजा सञ्चालन गर्न नेपाल सरकारले दिएको आदेश अनुसार प्रचलित कानून बमोजिम खडा भएको गुठी संस्थानले साविक बमोजिम राजगुठीको आम्दानीबाट पूजाआजा गुठी सञ्चालन गर्न आवश्यक खर्चको व्यवस्था गर्नेछ ।”

(४) दफा ३ र ४ खारेज गरिएका छन् ।

१४. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधन : विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को,-

(१) दफा १० को खण्ड (ग) मा रहेका “अधिराज्य बाहिर” भन्ने शब्दहरुको सट्टा “नेपालबाहिर” भन्ने शब्द राखिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

१५. राष्ट्रिय समाचार समिति ऐन, २०१९ मा संशोधन : राष्ट्रिय समाचार समिति ऐन, २०१९ को,-

(१) प्रस्तावनाको तेस्रो हरफमा रहेको “अधिराज्यमा” भन्ने शब्दको सट्टा “नेपालमा” भन्ने शब्द राखिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

१६. गोरखापत्र संस्थान ऐन, २०१९ मा संशोधन : गोरखापत्र संस्थान ऐन, २०१९ को,-

(१) दफा १७ को उपदफा (२) को खण्ड (ढ) मा रहेको “अधिराज्यभर” भन्ने शब्दको सट्टा “नेपालभित्र” भन्ने शब्द राखिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

१७. शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ मा संशोधन : शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को,-

(१) लामो शीर्षक तथा दफा १, २ र ३ मा रहेको “शाही” भन्ने शब्द झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

१८. कारागार ऐन, २०१९ मा संशोधन : कारागार ऐन, २०१९ को,-

(१) दफा १ को उपदफा (२) मा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(२) दफा १२ को उपदफा (१) मा रहेका “राजगद्दी, राजपरिवारको गाथ वा” भन्ने शब्दहरु झिकिएका छन् ।

१९. विदेशी लगानी कर ऐन, २०१९ मा संशोधन : विदेशी लगानी कर ऐन, २०१९ को,-

(१) दफा १२ मा रहेका "श्री ५ महाराजाधिराजको निजी विदेशी लगानी र" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

२०. कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन : कर्मचारी सञ्चय कोष ऐन, २०१९ को,-

(१) दफा २ को खण्ड (ख) मा रहेको "प्रहरी" भन्ने शब्द पछि ", सशस्त्र प्रहरी" भन्ने शब्दहरु थपी सोही खण्डमा रहेका "राजप्रासाद सेवा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

२१. हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन : हातहतियार खरखजाना ऐन, २०१९ को,-

(१) दफा ५क. मा रहेका "प्रतिनिधि सभा वा राष्ट्रिय सभा तथा गाउँ, नगर वा जिल्लाको स्थानीय निकायको सदस्यको लागि हुने निर्वाचनमा" भन्ने शब्दहरुको सट्टा "निर्वाचन आयोगले प्रचलित कानून बमोजिम गराउने निर्वाचनमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

२२. मुलुकी ऐनमा संशोधन : मुलुकी ऐनको,-

(१) प्रारम्भिक कथनको ३ नं. को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "नेपाल" भन्नाले नेपाल राज्य सम्झनु पर्छ ।"

(२) अदालती बन्दोवस्तको,-

(क) ७१ख.नं को ठाउँ ठाउँमा रहेको "शाही" भन्ने शब्द झिकिएको छ ।

(ख) ११८ नं. को दफा १ झिकिएको छ ।

(ग) १४१ नं. मा रहेका "राजगद्दी, राजपरिवारको गाथ वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) कागज जाँचको महलको ४ नं. को ठाउँ ठाउँमा रहेका "लालमोहर हुने" भन्ने शब्दहरुको सट्टा "प्रमाणीकरण हुने" भन्ने शब्दहरु राखिएका छन् ।

(४) कीर्ते कागजको महलको ८ नं. मा रहेका "लालमोहर वा लालमोहर लागेको कागज" भन्ने शब्दहरुको सट्टा "लालमोहर लागेको वा प्रमाणीकरण भएको कागज" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ज्यान सम्बन्धी महलको ४ नं. मा रहेका "सरकारी अभियोक्ता" भन्ने शब्दहरुको सट्टा "सरकारी वकील" भन्ने शब्दहरु राखिएका छन् ।

(६) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(७) ठाउँ ठाउँमा रहेका "राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा" भन्ने शब्दहरु झिकिएका छन् ।

(८) ठाउँ ठाउँमा रहेका "राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(९) ठाउँ ठाउँमा रहेका “राजगद्दी, राजपरिपारको गाथ वा” भन्ने शब्दहरु झिकिएका छन् ।

२३. रेल्वे ऐन, २०२० मा संशोधन : रेल्वे ऐन, २०२० को ठाउँ ठाउँमा रहेको “अञ्चलाधीश” भन्ने शब्दको सट्टा “प्रमुख जिल्ला अधिकारी” भन्ने शब्दहरु राखिएका छन् ।

२४. संक्रामक रोग ऐन, २०२० मा संशोधन : संक्रामक रोग ऐन, २०२० को,-

(१) दफा २ को उपदफा (१) मा रहेको “अधिराज्यभर” भन्ने शब्दको सट्टा “नेपालभर” भन्ने शब्द राखिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

२५. उखडा सम्बन्धी ऐन, २०२१ मा संशोधन : उखडा सम्बन्धी ऐन, २०२१ को दफा ८ को उपदफा (१) मा रहेका “स्थानीय पञ्चायतका सदस्यलाई” भन्ने शब्दहरुको सट्टा “गाउँ विकास समिति वा नगरपालिकाको सदस्यलाई” भन्ने शब्दहरु राखिएका छन् ।

२६. भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन : भूमि सम्बन्धी ऐन, २०२१ को,-

(१) दफा ५३ को उपदफा (१) मा रहेका “विशेष अदालत ऐन २०५९ को दफा ४ र ६ बमोजिमको” भन्ने शब्दहरुको सट्टा “विशेष अदालत ऐन, २०५९ बमोजिमको” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ६२ मा रहेका “प्रतिनिधि सभाको” भन्ने शब्दहरुको सट्टा “व्यवस्थापिका-संसदको” भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

२७. पानी कर ऐन, २०२३ मा संशोधन : पानी कर ऐन, २०२३ को,-

(१) दफा १ को उपदफा (२) मा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(२) दफा ९ को खण्ड (क) झिकिएको छ ।

२८. राहदानी ऐन, २०२४ मा संशोधन : राहदानी ऐन, २०२४ को,-

(१) दफा १ को उपदफा (२) मा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(२) दफा ४ मा रहेको “शाही” भन्ने शब्द झिकिएको छ ।

२९. राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ मा संशोधन : राप्तीदून विकास क्षेत्रको जमिनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ को दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) कमिशनले विशेष अदालत ऐन, २०५९ अन्तर्गतको कार्य प्रणाली अपनाई कारबाही गर्न सक्नेछ ।”

३०. ऋण तथा जमानत ऐन, २०२५ मा संशोधन : ऋण तथा जमानत ऐन, २०२५ को,-

(१) प्रस्तावनामा रहेका “नेपालको संविधानको धारा ५८ को उपधारा (२) मा कानून बमोजिम बाहेक नेपाल सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन भन्ने व्यवस्था भएको, र” भन्ने वाक्यांशको सट्टा “कानून बमोजिम बाहेक नेपाल सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन भन्ने संवैधानिक व्यवस्था भएको, र” भन्ने वाक्यांश राखी सोही प्रस्तावनामा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(२) दफा ६ को ठाउँ ठाउँमा रहेका "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद" भन्ने शब्दहरु राखिएका छन् ।

३१. राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ मा संशोधन : राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ को,-

(१) दफा १३ को उपदफा (२) को खण्ड (ग) मा रहेको "अधिराज्यभित्र" भन्ने शब्दको सट्टा "नेपालभित्र" भन्ने शब्द राखिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

३२. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधन : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को,-

(१) दफा ८ को उपदफा (३) मा रहेका "श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा, द्वेष वा अवहेलना फैलाउने किसिमको वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

३३. सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधन : सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,-

(१) दफा ८ को उपदफा (८) मा रहेको "प्रधानमन्त्रीको" भन्ने शब्दको सट्टा "राष्ट्रपतिको" भन्ने शब्द राखिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

३४. जाँचबुझ आयोग ऐन, २०२६ मा संशोधन : जाँचबुझ आयोग ऐन, २०२६ को,-

(१) दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपाल सरकारले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०६ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा न्याय परिषद्सँग परामर्श लिई सर्वोच्च अदालतका प्रधान न्यायाधीशलाई वा न्यायाधीशलाई र धारा ११० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा पुनरावेदन तथा जिल्ला अदालतको न्यायाधीशलाई खटाई आयोग गठन गर्न सक्नेछ । त्यस्तो आयोग न्यायाधीशको मात्र वा अन्य व्यक्ति समेत रहेको हुन सक्नेछ र एकभन्दा बढी सदस्य रहेमा नेपाल सरकारले तोकेको न्यायाधीश आयोगको अध्यक्ष हुनेछ ।"

(२) दफा ४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र आयोगले जाँचबुझको काम सम्पन्न गरी नेपाल सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।"

(३) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

३५. विदेशी राज्य र कुटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ मा संशोधन : विदेशी राज्य र कुटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "श्री ५ को वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दफा ६ मा रहेका "स्थानीय तथा पञ्चायती कर" भन्ने शब्दहरुको सट्टा "स्थानीय कर" भन्ने शब्दहरु राखिएका छन् ।

Nepal Law Commission

(३) दफा ११ मा रहेका “स्थानीय वा पञ्चायती कर” भन्ने शब्दहरुको सट्टा “स्थानीय कर” भन्ने शब्दहरु राखिएका छन् ।

(४) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

३६. राष्ट्रिय सेवा दल ऐन, २०२७ मा संशोधन : राष्ट्रिय सेवा दल ऐन, २०२७ को,-

(१) प्रस्तावनामा रहेका “र नरेशप्रति” भन्ने शब्दहरु झिकिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

३७. शिक्षा ऐन, २०२८ मा संशोधन : शिक्षा ऐन, २०२८ को,-

(१) दफा ११ को उपदफा (४) झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

३८. बोनस ऐन, २०३० मा संशोधन : बोनस ऐन, २०३० को,-

(१) दफा १ को उपदफा (२) मा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(२) दफा ५ को उपदफा (२) मा रहेका “आयकर ऐन, २०३१ को दफा १२ बमोजिम” भन्ने शब्दहरुको सट्टा “आयकर ऐन, २०५८ बमोजिम” भन्ने शब्दहरु राखिएका छन् ।

३९. खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ मा संशोधन : खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को,-

(१) दफा ४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको “प्रधानपञ्च” भन्ने शब्दको सट्टा “अध्यक्ष” भन्ने शब्द राखिएको छ ।

(२) दफा ७ को ठाउँ ठाउँमा रहेको “पञ्चायत” भन्ने शब्दको सट्टा “गाउँ विकास समिति” भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

४०. सार्वजनिक सडक ऐन, २०३१ मा संशोधन : सार्वजनिक सडक ऐन, २०३१ को,-

(१) दफा १५ को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) मा रहेका “स्थानीय पञ्चायत” भन्ने शब्दहरुको सट्टा “गाउँ विकास समिति वा नगरपालिका” भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

४१. राजश्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधन : राजश्व न्यायाधिकरण ऐन, २०३१ को,-

(१) दफा १ को उपदफा (२) मा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(२) अनुसूचीको क्र.सं. ५, ६, ८ र १२ झिकिएका छन् ।

४२. प्रमाण ऐन, २०३१ मा संशोधन : प्रमाण ऐन, २०३१ को,-

(१) दफा २ को खण्ड (ग) को उपखण्ड (१) झिकिएको छ ।

(२) दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) अदालतले देहायका कुराहरुको स्वयं न्यायिक जानकारी लिनु पर्छ :-

(क) नेपालको इलाका,

(ख) नेपालको संविधान र नेपाल कानून,

(ग) नेपालको राष्ट्रिय झण्डा,



Nepal Law Commission

(घ) राष्ट्रपतिको शपथ,

(ङ) विधेयकको प्रमाणीकरण मिति,

(च) नेपाल राजपत्रमा प्रकाशित सूचनाहरु ।"

(३) दफा ३५ को उपदफा (३) मा रहेका "श्री ५ महाराजाधिराज वा" भन्ने शब्दहरु झिकिएका छन् ।

४३. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को,-

(१) दफा १ को उपदफा (२) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(२) दफा १३ को ठाउँ ठाउँमा रहेका "अञ्चलाधीश, सह-अञ्चलाधीश, सहायक अञ्चलाधीश" भन्ने शब्दहरु झिकिएका छन् ।

४४. गुठी संस्थान ऐन, २०३३ मा संशोधन : गुठी संस्थान ऐन, २०३३ को,-

(१) प्रस्तावनामा रहेका "नेपालको संविधानको धारा ५९ ले गुठी रकमलाई सरकारी कोषबाट अलग गरेकोले" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दफा १ को उपदफा (२) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

४५. जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधन : जग्गा प्राप्ति ऐन २०३४ को,-

(१) दफा २ को खण्ड (ख) को उपखण्ड (२) मा रहेका "विभिन्न तहका पञ्चायतद्वारा" भन्ने शब्दहरुको सट्टा "स्थानीय निकायद्वारा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ६ को उपदफा (१) को खण्ड (ख) मा रहेका "गाउँ वा नगर पञ्चायत कार्यालय" भन्ने शब्दहरुको सट्टा "गाउँ विकास समिति वा नगरपालिका कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ९ को,-

(क) उपदफा (१) को खण्ड (ग) मा रहेका "पञ्चायतको नाम" भन्ने शब्दहरुको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको नाम" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) को खण्ड (ग) मा रहेका "गाउँ वा नगर पञ्चायत कार्यालय" भन्ने शब्दहरुको सट्टा "गाउँ विकास समिति वा नगरपालिका कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा १६ र १७ को ठाउँ ठाउँमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "स्थानीय निकाय" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

४६. औषधि ऐन, २०३५ मा संशोधन : औषधि ऐन, २०३५ को,-

(१) दफा ६ को ठाउँ ठाउँमा रहेका "शाही औषधि अनुसन्धानशाला" भन्ने शब्दहरुको सट्टा "नेपाल औषधि अनुसन्धानशाला" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

४७. लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ मा संशोधन : लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा २ को खण्ड (क) मा रहेका "श्री ५ बाट वा" भन्ने शब्दहरु झिकिएका छन् ।

Nepal Law Commission

४८. औद्योगिक प्रशिक्षार्थी तालिम ऐन, २०३९ मा संशोधन : औद्योगिक प्रशिक्षार्थी तालिम ऐन, २०३९ को,-

(१) दफा ११ को उपदफा (२) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

(२) दफा १६ को उपदफा (२) को खण्ड (ङ) झिकिएको छ।

४९. दैवी प्रकोप (उद्धार) ऐन, २०३९ मा संशोधन : दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को,-

(१) दफा ६ को खण्ड (घ) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

(२) ठाउँ ठाउँमा रहेका "शाही नेपाली जङ्गी अड्डा" भन्ने शब्दहरुको सट्टा "जङ्गी अड्डा" भन्ने शब्दहरु राखिएका छन्।

५०. अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० मा संशोधन : अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० को,-

(१) दफा ९ मा रहेका "वा पञ्चायत" भन्ने शब्दहरु झिकिएका छन्।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

५१. नेपाल विशेष सेवा ऐन, २०४२ मा संशोधन : नेपाल विशेष सेवा ऐन, २०४२ को,-

(१) प्रस्तावनामा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

(२) दफा १० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दफा ९ को उपदफा (२) को खण्ड (छ)" भन्ने शब्दहरुको सट्टा "दफा ७ को खण्ड (ङ)" भन्ने शब्दहरु राखिएका छन्।

५२. लुम्बिनी विकास कोष ऐन, २०४२ मा संशोधन : लुम्बिनी विकास कोष ऐन, २०४२ को,-

(१) दफा ८ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

५३. नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ मा संशोधन : नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को,-

(१) दफा ४ को उपदफा (१) को खण्ड (ङ) झिकिएको छ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

५४. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ मा संशोधन : पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को,-

(१) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छ :-

"प्रस्तावना : श्री पशुपतिनाथ क्षेत्रको सुरक्षा, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न पशुपति क्षेत्र विकास कोष सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,"

(२) दफा ८ को उपदफा ८.२ को खण्ड ८.२.२, ८.२.३ र ८.२.४ झिकिएका छन्।

(३) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

५५. काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ मा संशोधन : काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को,-

(१) दफा १३ को उपदफा १३.१ को,-

(क) खण्ड १३.१.९ मा रहेका “पञ्चायत तथा” भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड १३.१.१४ झिकिएको छ ।

(ग) खण्ड १३.१.१८, १३.१.१९ र १३.१.२० को सट्टा देहायका खण्ड १३.१.१८, १३.१.१९ र १३.१.२० राखिएका छन् :-

“१३.१.१८ प्रमुख, काठमाडौं महानगरपालिका- सदस्य

१३.१.१९ प्रमुख, ललितपुर उप-महानगर-पालिका - सदस्य

१३.१.२० प्रमुख, भक्तपुर नगरपालिका - सदस्य”

(२) दफा १४ को उपदफा १४.३ को,-

(क) खण्ड १४.३.२, १४.३.३ र १४.३.४ को सट्टा देहायका खण्ड १४.३.२, १४.३.३ र १४.३.४ राखिएका छन् :-

“१४.३.२ प्रमुख, काठमाडौं महानगरपालिका- सदस्य

१४.३.३ प्रमुख, ललितपुर उप-महानगर-पालिका - सदस्य

१४.३.४ प्रमुख, भक्तपुर नगरपालिका - सदस्य”

(ख) खण्ड १४.३.६ मा रहेको “प्रधानपञ्चहरु” भन्ने शब्दको सट्टा “अध्यक्षहरु” भन्ने शब्द राखिएको छ ।

(३) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

५६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ मा संशोधन : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा २क. को उपदफा २क.१ को,-

(१) खण्ड २क.१.२ झिकिएको छ ।

(२) खण्ड २क.१.१५ मा रहेको “राजकीय” भन्ने शब्द झिकिएको छ ।

५७. राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ मा संशोधन : राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को,-

(१) दफा ४ को उपदफा ४.१ झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

(३) दफा २ खारेज गरिएको छ ।

५८. उच्च माध्यमिक शिक्षा ऐन, २०४६ मा संशोधन : उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा ४क. को उपदफा ४क.२ को खण्ड ४क.२.३ र ४क.२.४ झिकिएका छन् ।

५९. नेपाल सन्धि ऐन, २०४७ मा संशोधन : नेपाल सन्धि ऐन, २०४७ को,-

(१) दफा १ को उपदफा (३) मा रहेका “संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्य” भन्ने शब्दहरुको सट्टा “संवत् २०४७ साल कात्तिक २३ गतेपछि नेपाल” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

“(ङ) “संविधान” भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।”

(३) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. सन्धि सम्पन्न गर्ने अधिकार : (१) राष्ट्रपति, प्रधानमन्त्री वा परराष्ट्र मन्त्री बाहेक अरु कसैले पूर्णाधिकार बिना नेपाल वा नेपाल सरकारको तर्फबाट कुनै पनि सन्धिको सम्बन्धमा वार्ता गर्न, सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न, त्यस्तो सन्धिमा हस्ताक्षर गर्न वा आरक्षण राख्न वा तत्सम्बन्धी अन्य कुनै काम गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी राज्य वा अन्तरसरकारी सङ्गठनमा नेपालको प्रतिनिधित्व गर्ने नेपाली राजदूत वा नियोग प्रमुखले त्यस्तो राज्य वा अन्तरसरकारी सङ्गठनसँग गर्ने जुनसुकै विषयको सन्धि सम्बन्धमा र कुनै अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने प्रतिनिधिमण्डलका नेताबाट सो सम्मेलनमा गरिने सन्धिको सम्बन्धमा वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न सक्नेछ ।"

(४) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(५) ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखिएका छन् :-

(क) "धारा १२६ को उपधारा (२)" को सट्टा "धारा १५६ को उपधारा (२)"

(ख) "संसद" र "प्रतिनिधि सभा" को सट्टा "संविधान सभा" ।

(६) दफा १४ खारेज गरिएको छ ।

६०. न्याय परिषद् ऐन, २०४७ मा संशोधन : न्याय परिषद् ऐन, २०४७ को,-

(१) दफा २ को खण्ड (क), (ख) र (ङ) को सट्टा देहायका खण्ड (क), (ख), र (ङ) राखिएका छन् :-

"(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले संविधानको धारा ११३ बमोजिम गठन भएको न्याय परिषद् सम्झनु पर्छ ।

(ङ) "जाँचबुझ समिति" भन्नाले संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ग) र धारा ११३ को उपधारा (५) बमोजिमको गठन हुने जाँचबुझ समिति सम्झनु पर्छ ।"

(२) दफा ३ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर जाँचबुझ समितिलाई आवश्यक पर्ने अभिलेख उपलब्ध गराउन यस उपदफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।"

(३) दफा ६ को उपदफा (२) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(४) दफा ७ को उपदफा (१) मा रहेका "भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत विशेष प्रहरी अधिकृतलाई" भन्ने शब्दहरुको सट्टा "भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको अनुसन्धान अधिकारीलाई" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ८ मा रहेका "संविधानको धारा ९१ को उपधारा (३) बमोजिम परिषद्ले आफ्नो सिफारिस श्री ५ महाराजाधिराज समक्ष जाहेर गर्नेछ" भन्ने शब्दहरुको सट्टा "परिषद्ले

संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम निर्णय गर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(६) ठाउँ ठाउँमा रहेका "संविधानको धारा ९१ को उपधारा (३)" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १०९ को उपधारा (१०)" भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा ९ खारेज गरिएको छ ।

६१. लेखा परीक्षण ऐन, २०४८ मा संशोधन : लेखा परीक्षण ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, व्यवस्थापिका-संसद, संविधान सभा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी वा नेपाल प्रहरी लगायतका सबै सरकारी कार्यालय र अदालत समेत सम्झनु पर्छ ।"

(२) दफा १० मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ८ खारेज गरिएको छ ।

६२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा संशोधन : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।"

(ख) खण्ड (ख) मा रहेका "धारा ९७" भन्ने शब्दहरुको सट्टा "धारा ११९" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको,-

(क) खण्ड (क) मा रहेका "धारा ९८" भन्ने शब्दहरुको सट्टा "धारा १२०" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका "संसदको कुनै सदन" भन्ने शब्दहरुको सट्टा "संविधान सभा" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १२क. मा रहेका "श्री ५" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) दफा २८ को उपदफा (२) मा रहेका "संविधानको धारा ९५ को उपधारा (६) बमोजिम श्री ५ समक्ष पेश गर्ने" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(६) दफा ३३ र ३६ खारेज गरिएका छन् ।

६३. न्याय प्रशासन ऐन, २०४८ मा संशोधन : न्याय प्रशासन ऐन, २०४८ को,-

(१) प्रस्तावनामा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरे अनुरुप" भन्ने शब्दहरु झिकिएका छन् ।

Nepal Law Commission

(२) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ।"

(३) दफा ३ को उपदफा (१) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

(४) दफा ११ को उपदफा (३) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) अनुसूचीको,-

(क) क्रमसङ्ख्या २, ६ र ८ झिकिएका छन्।

(ख) क्रमसङ्ख्या १० मा रहेका "विद्युत प्राधिकरण ऐन, २०४१" भन्ने शब्दहरुको सट्टा "नेपाल विद्युत प्राधिकरण ऐन, २०४१" भन्ने शब्दहरु राखिएका छन्।

६४. <u>न्याय सेवा आयोग ऐन, २०४८ मा संशोधन</u> : न्याय सेवा आयोग ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ बमोजिमको न्याय सेवा आयोग सम्झनु पर्छ।

(२) दफा ३ मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. <u>सल्लाह र सुझाव लिन सक्ने</u> : बैठकमा छलफल हुने विषयको सम्बन्धमा आयोगले आवश्यकता अनुसार न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत तथा सम्बन्धित विशेषज्ञको सल्लाह र सुझाव लिन सक्नेछ।"

६५. <u>सर्वोच्च अदालत ऐन, २०४८ मा संशोधन</u> : सर्वोच्च अदालत ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ।"

(२) दफा ३ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "श्री ५ बाट स्वीकृति प्राप्त गरी" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारसँग परामर्श गरी" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ८ मा रहेका "श्री ५ समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ११ को उपदफा (२) को खण्ड (ग) मा रहेका "धारा ८८" भन्ने शब्दहरुको सट्टा "धारा १०७" भन्ने शब्दहरु राखिएका छन्।

(५) अनुसूचीको सट्टा देहायको अनुसूची राखिएको छ :-

"अनुसूची

(दफा ८ सँग सम्बन्धित)

शपथ

म … … …. सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण निष्ठावान रही आफूले ग्रहण गरेको … … …पदको जिम्मेवारी न्यायपालिकाको स्वच्छता र मर्यादा विपरीत नहुने गरी, कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीताका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई

Nepal Law Commission

ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

...............

मिति : हस्ताक्षर"

(६) दफा ६ र १० खारेज गरिएका छन् ।

६६. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधन : छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा १४ को खण्ड (क) झिकिएको छ ।

(२) दफा ७, १४, १९ र २० मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

६७. प्रेस काउन्सिल ऐन, २०४८ मा संशोधन : प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (१) को खण्ड (ख) र (ग) झिकिएका छन् ।

६८. काठमाडौं विश्वविद्यालय ऐन, २०४८ मा संशोधन : काठमाडौं विश्वविद्यालय ऐन, २०४८ को दफा ४ को उपदफा (१) को खण्ड (ठ) झिकिएको छ ।

६९. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ मा संशोधन : नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को,-

(१) दफा ६ को उपदफा (१) को खण्ड (छ) मा रहेको "राजकीय" भन्ने शब्द झिकिएको छ ।

(२) दफा ६ र ११ मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

७०. लोक सेवा आयोग (कार्यविधि) ऐन, २०४८ मा संशोधन : लोक सेवा आयोग (कार्यविधि) ऐन, २०४८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।"

(ख) खण्ड (ङ) मा रहेका "प्रहरी कर्मचारीको सेवा" भन्ने शब्दहरुको सट्टा "सशस्त्र प्रहरी वा प्रहरी कर्मचारीको सेवा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को खण्ड (ख) मा रहेको "धारा १०१" भन्ने शब्दहरुको सट्टा "धारा १२५" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ४ को उपदफा (१) मा रहेका "धारा १०२ को उपधारा (५)" भन्ने शब्दहरुको सट्टा "धारा १२६ को उपधारा (७)" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ५ को,-

(क) उपदफा (८) मा रहेका "धारा १२४" भन्ने शब्दहरुको सट्टा "धारा १५३" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) ठाउँ ठाउँमा रहेका "धारा १०२" भन्ने शब्दहरुको सट्टा "धारा १२६" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा १८ मा रहेका "धारा ९४" भन्ने शब्दहरुको सट्टा "धारा ११४" भन्ने शब्दहरु राखिएका छन् ।

Nepal Law Commission

(६) दफा १७ खारेज गरिएको छ ।

७१. स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मा संशोधन : स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १८ को उपदफा (३) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) बमोजिम तीन प्रतिशत मत प्राप्त गरेको" भन्ने शब्दहरुको सट्टा "निर्वाचन आयोगमा दर्ता भई संविधान सभामा प्रतिनिधित्व गर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा २७ को उपदफा (२) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) बमोजिम तीन प्रतिशत मत प्राप्त गरेको" भन्ने शब्दहरुको सट्टा "निर्वाचन आयोगमा दर्ता भई संविधान सभामा प्रतिनिधित्व गर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

(४) ठाउँ ठाउँमा रहेका "मतदाता नामावली सम्बन्धी ऐन, २०५२" भन्ने शब्दहरुको सट्टा "मतदाता नामावली सम्बन्धी ऐन, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

७२. श्रम ऐन, २०४८ मा संशोधन : श्रम ऐन, २०४८ को दफा ७५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) संविधान प्रतिकूल हुने"

७३. सहकारी ऐन, २०४८ मा संशोधन : सहकारी ऐन, २०४८ को दफा २६ को उपदफा (६) मा रहेका "वाणिज्य बैङ्क ऐन, २०३१" भन्ने शब्दहरुको सट्टा "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

७४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधन : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को,-

(१) दफा १०७ को उपदफा (३) मा रहेका "संसद सदस्यले" भन्ने शब्दहरुको सट्टा "संविधान सभा सदस्यले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-२ को द्रष्टव्यको,-

(क) १. को सट्टा देहायको १. राखिएको छ :-

"१. राष्ट्रपति सवार हुने सवारी साधनको नम्बर प्लेट नेपाल सरकारले तोके बमोजिम हुनेछ ।"

(ख) १. पछि देहायको १क. थपिएको छ :-

"१क. "उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, संविधान सभाका अध्यक्ष तथा उपाध्यक्ष र मन्त्रिपरिषद्का सदस्यहरु चढ्ने सरकारी सवारी साधनको नम्बर प्लेटको माथिल्लो आधा भाग र तल्लो आधा भाग क्रमशः रातो र नीलो रङ्गको पृष्ठभूमिमा सेतो रङ्गको अक्षर र अङ्क हुनु पर्नेछ ।"

(३) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

Nepal Law Commission

७५. <u>राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन</u> : राष्ट्रिय प्रसारण ऐन, २०४९ को,-

(१) प्रस्तावनामा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा" भन्ने शब्दहरुको सट्टा "संविधानद्वारा" र "राष्ट्र भाषा एवं राष्ट्रिय भाषाको" भन्ने शब्दहरुको सट्टा "राष्ट्र भाषाको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

७६. <u>त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा संशोधन</u> : त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को,-

(१) प्रस्तावनामा रहेका "राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवको पुण्य र स्थायी स्मारकको रुपमा श्री ५ जिजुमुमा बडामहारानी कान्ति राज्यलक्ष्मी देवी शाह र श्री ५ कान्छी जिजुमुमा बडामहारानी ईश्वरी राज्यलक्ष्मी देवी शाहबाट विश्वविद्यालय स्थापना गर्ने अभिलाषा राखिबक्से बमोजिम २०१६ सालमा स्थापना भएको त्रिभुवन विश्वविद्यालयलाई" भन्ने शब्दहरु झिकिएका छन् र सोही प्रस्तावनामा रहेका "सापेक्ष बनाउने क्रममा" भन्ने शब्दहरु पछि "संवत् २०१६ सालमा स्थापना भएको" भन्ने शब्दहरु थपिएका छन् ।

(२) दफा ८ को उपदफा (२) को,-

(क) खण्ड (घ) झिकिएको छ ।

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति र अन्य विश्वविद्यालयका उपकुलपतिहरु मध्येबाट दुईजना - सदस्य"

७७. <u>बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधन</u> : बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ७ को उपदफा (१) को,-

(१) खण्ड (ख) र (ग) झिकिएका छन् ।

(२) खण्ड (छ) मा रहेको "राजकीय" भन्ने शब्द झिकिएको छ ।

७८. <u>सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा संशोधन</u> : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को,-

(१) दफा १७ को उपदफा (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) बमोजिम महान्यायाधिवक्ताले आफ्नो अधिकार सोही धाराको उपधारा (६) बमोजिम सरकारी वकीललाई सुम्पिएकोमा सम्बन्धित सरकारी वकीलले त्यसरी सुम्पिएको अधिकार बमोजिम निर्णय गर्नेछ ।"

(२) दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छ :-

"३४क. <u>विभागीय कारबाही सम्बन्धी व्यवस्था</u> : (१) नेपाल सरकारवादी हुने मुद्दामा कुनै सरकारी वकीलले बदनियतसाथ अभियोजन गरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा महान्यायाधिवक्ताले त्यस्तो सरकारी वकीललाई विभागीय कारबाही गर्न सक्नेछ ।

(२) नेपाल सरकारवादी हुने मुद्दामा यो ऐन वा प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले लापरबाही वा

बदनियतपूर्वक अनुसन्धान गरी वा उपलब्ध प्रमाण वा सबुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा महान्यायाधिवक्ताले त्यस्तो अनुसन्धान अधिकारीलाई विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र यसरी लेखिआएमा सम्बन्धित निकायले आवश्यक विभागीय कारबाही गर्नु पर्नेछ।"

(३) अनुसूची -१ को प्रकरण १ झिकिएको छ।

७९. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ मा संशोधन : स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

८०. समाज कल्याण ऐन, २०४९ मा संशोधन : समाज कल्याण ऐन, २०४९ को,-

(१) दफा ५ को उपदफा (२) को खण्ड (घ) झिकिएको छ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

८१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा संशोधन : विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को,-

(१) अनुसूचीको खण्ड (क) को क्रमसङ्ख्या (७) मा रहेका "राष्ट्रिय तथा" भन्ने शब्दहरु झिकिएका छन्।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

८२. नेपाल स्काउट ऐन, २०५० मा संशोधन : नेपाल स्काउट ऐन, २०५० को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (ग) मा रहेका "संसद सदस्यहरु" भन्ने शब्दहरुको सट्टा "संविधान सभा सदस्यहरु" भन्ने शब्दहरु राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

८३. निजीकरण ऐन, २०५० मा संशोधन : निजीकरण ऐन, २०५० को,-

(१) प्रस्तावनामा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

(२) ठाउँ ठाउँमा रहेका "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "संविधान सभा" भन्ने शब्दहरु राखिएका छन्।

८४. महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ मा संशोधन : महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को,-

(१) दफा २ मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०९ को उपधारा (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३४ को उपधारा (१) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-

"२१. शपथ ग्रहण : महान्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रधान न्यायाधीश समक्ष अनुसूची-२क. बमोजिमको पद तथा गोपनीयताको शपथ गर्नु पर्नेछ।"

(३) अनुसूची-२ पछि देहायको अनुसूची-२क. थपिएको छ :-

"अनुसूची-२क.

(दफा २१ सँग सम्बन्धित)

शपथ

म ... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण वफादार रहँदै महान्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

...............

मिति : हस्ताक्षर"

(४) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

८५. <u>संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ मा संशोधन</u> : संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को,-

(१) दफा २ को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) "संवैधानिक निकायका पदाधिकारी" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नियुक्त हुने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु, महालेखा परीक्षक, लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरु, निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरु र राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्यहरु सम्झनु पर्छ ।

(ख) "प्रमुख पदाधिकारी" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नियुक्त हुने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त, महालेखा परीक्षक, लोक सेवा आयोगको अध्यक्ष, निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नियुक्त हुने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त, लोक सेवा आयोगको सदस्य, निर्वाचन आयोगको निर्वाचन आयुक्त र राष्ट्रिय मानव अधिकार आयोगको सदस्य सम्झनु पर्छ ।"

(२) दफा १६ मा रहेको "प्रधानमन्त्रीबाट" भन्ने शब्दको सट्टा "राष्ट्रपतिबाट" भन्ने शब्द राखिएको छ ।

(३) दफा २० पछि देहायको दफा २०क. थपिएको छ :-



Nepal Law Commission

"२०क. उमेरको गणना : संवैधानिक निकायका पदाधिकारीको उमेर देहायका आधारमा गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिनेछ :-

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर, वा

(ग) निजको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर।"

(४) दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ :-

"२४. शपथ ग्रहण : आफ्नो कार्यभार सम्हाल्नु अघि प्रमुख पदाधिकारीले प्रधान न्यायाधीश समक्ष र पदाधिकारीले प्रमुख पदाधिकारी समक्ष अनुसूची बमोजिमको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ।"

(५) दफा २५ पछि देहायको अनुसूची थपिएको छ :-

"अनुसूची

(दफा २४ सँग सम्बन्धित)

शपथ

म ... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण वफादार रहँदै ... ... ... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

...............

मिति : हस्ताक्षर"

(६) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

८६. मानव अधिकार आयोग ऐन, २०५३ मा संशोधन : मानव अधिकार आयोग ऐन, २०५३ को,-

(१) दफा २ को खण्ड (ख) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

(३) दफा ३, ४, ५, ६, ७, १४ र २१ खारेज गरिएका छन्।

८७. पोखरा विश्वविद्यालय ऐन, २०५३ मा संशोधन : पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा ७ को उपदफा (२) को खण्ड (घ) झिकिएको छ।

८८. बी.पी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ मा संशोधन : बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा ७ को उपदफा (१) को खण्ड (ख) झिकिएको छ ।

८९. दल त्याग ऐन, २०५४ मा संशोधन : दल त्याग ऐन, २०५४ को,-

(१) दफा २ को खण्ड (क) मा रहेका “नेपाल अधिराज्यको संविधान, २०४७” भन्ने शब्दहरुको सट्टा “नेपालको अन्तरिम संविधान, २०६३” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ३ को उपदफा (१) को खण्ड (घ) मा रहेको “दलको” भन्ने शब्द पछि “नेता वा” भन्ने शब्दहरु थपिएका छन् ।

(३) दफा ५ को उपदफा (१) को ठाउँ ठाउँमा रहेका “प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्ष” भन्ने शब्दहरुको सट्टा “संविधान सभाको अध्यक्ष” भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ८ मा रहेका “प्रतिनिधि सभाका सदस्यको हकमा सभामुख समक्ष र राष्ट्रिय सभाको सदस्यको हकमा अध्यक्ष समक्ष” भन्ने शब्दहरुको सट्टा “संविधान सभाको अध्यक्ष समक्ष” भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ९ मा रहेका “प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षले” भन्ने शब्दहरुको सट्टा “संविधान सभाका अध्यक्षले” भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा १० मा रहेका “प्रतिनिधि सभाको सदस्यको हकमा प्रतिनिधि सभाको सभामुखले र राष्ट्रिय सभाको सदस्यको हकमा राष्ट्रिय सभाको अध्यक्षले” भन्ने शब्दहरुको सट्टा “ संविधान सभाको अध्यक्षले” भन्ने शब्दहरु र “संसदको अधिवेशन” भन्ने शब्दहरुको सट्टा “संविधान सभाको बैठक” भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा १३ मा रहेका “प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्ष” भन्ने शब्दहरुको सट्टा “संविधान सभाको अध्यक्ष” र “संसद” भन्ने शब्दको सट्टा “संविधान सभा” भन्ने शब्दहरु राखिएका छन् ।

(८) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखिएका छन् :-

(क) “प्रतिनिधि सभा र राष्ट्रिय सभा” र “प्रतिनिधि सभा वा राष्ट्रिय सभा” भन्ने शब्दहरुको सट्टा “संविधान सभा”,

(ख) “संसद सचिवालय” भन्ने शब्दहरुको सट्टा “संविधान सभा सचिवालय”,

(ग) “संसदीय दल” भन्ने शब्दहरुको सट्टा “संविधान सभा दल”,

(घ) “सभालाई” र “सम्बन्धित सभालाई” भन्ने शब्दहरुको सट्टा “संविधान सभालाई” ।

(९) दफा १२ खारेज गरिएको छ ।

९०. अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ मा संशोधन : अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ को,-

(१) दफा ९ को उपदफा (१) को खण्ड (ख) झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको “अधिराज्य” भन्ने शब्द झिकिएको छ ।

९१. उपभोक्ता संरक्षण ऐन, २०५४ मा संशोधन : उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ३ को उपदफा (२) को खण्ड (ख) झिकिएको छ ।

९२. <u>संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ मा संशोधन</u> : संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ को,-

(१) दफा २ को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) "महासचिव" भन्नाले व्यवस्थापिका-संसदको महासचिव सम्झनु पर्छ ।

(ख) "सचिव" भन्नाले व्यवस्थापिका-संसदको सचिव सम्झनु पर्छ ।"

(२) दफा ५ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरेको भनी संविधान सभाको अध्यक्षको सिफारिसमा राष्ट्रपतिबाट महासचिव वा सचिवलाई निजको पदबाट हटाएमा ।"

(३) दफा ९ को उपदफा (३) मा रहेका "केन्द्रीय सेवा विभागबाट" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद सचिवालयबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा १० को ठाउँ ठाउँमा रहेको "दशैं" भन्ने शब्दको सट्टा "चाडपर्व" भन्ने शब्द राखिएको छ ।

(५) दफा १५ को ठाउँ ठाउँमा रहेका "तीन वर्षमा" भन्ने शब्दहरुको सट्टा "दुई वर्षमा" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ :-

"१८ <u>विदा दिने अधिकारी</u> : महासचिव वा सचिवले पर्व विदा र भैपरी आउने विदा आफैं लिन सक्नेछ र अन्य विदा संविधान सभाको अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ ।"

(७) दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ :-

"२४. <u>शपथ ग्रहण</u> : महासचिव वा सचिवले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि संविधान सभाको अध्यक्ष समक्ष अनुसूची-२क. बमोजिमको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।"

(८) अनुसूची-२ पछि देहायको अनुसूची २क. थपिएको छ :-

"अनुसूची-२क.
(दफा २४ सँग सम्बन्धित)

शपथ

म ... ... ... मुलुक र जनता प्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण वफादार रहँदै ... ... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

...............

मिति : हस्ताक्षर"

Nepal Law Commission

(९) ठाउँ ठाउँमा रहेका "संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसदका महासचिव तथा सचिवको" भन्ने शब्दहरु राखिएका छन् ।

९३. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ मा संशोधन : बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ को दफा ६ को उपदफा (१) को खण्ड (ख) झिकिएको छ ।

९४. स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा संशोधन : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को,-

(१) दफा ३ मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ ले विकेन्द्रीकरणको सम्बन्धमा" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ ले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

९५. आर्थिक कार्यविधि ऐन, २०५५ मा संशोधन : आर्थिक कार्यविधि ऐन, २०५५ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका "धारा ७४" भन्ने शब्दहरुको सट्टा "धारा ९०" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ५ रहेका "धारा ७७ को उपधारा (२)" भन्ने शब्दहरुको सट्टा "धारा ९३ को उपधारा (२)" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँ ठाउँमा रहेका "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद" भन्ने शब्दहरु राखिएका छन् ।

९६. शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ मा संशोधन : शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ को दफा ७ को उपदफा (१) को खण्ड (ख) झिकिएको छ ।

९७. सशस्त्र प्रहरी ऐन, २०५८ मा संशोधन : सशस्त्र प्रहरी ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११८ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४५ बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ट) मा रहेका "नेपाल अधिराज्यको" भन्ने शब्दहरुको सट्टा "नेपाल राज्यको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

९८. राजनीतिक दल सम्बन्धी ऐन, २०५८ मा संशोधन : राजनीतिक दल सम्बन्धी ऐन, २०५८ को,-

(१) प्रस्तावनामा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को खण्ड (ङ) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०३" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२८" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ५ को खण्ड (च) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा १० को उपदफा (३) मा रहेका "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "संविधान सभा" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा १५ मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(६) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

९९. आयकर ऐन, २०५८ मा संशोधन : आयकर ऐन, २०५८ को,-

(१) दफा १४३ को उपदफा (२) को,-

(क) खण्ड (क) झिकिएको छ ।

(ख) खण्ड (च) मा रहेको "राजकीय" भन्ने शब्द झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(३) दफा ३क. खारेज गरिएको छ ।

१००. आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा संशोधन : आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा ७ को,-

(१) खण्ड (घ) र (ङ) झिकिएका छन् ।

(२) खण्ड (च) मा रहेको "राजकीय" भन्ने शब्द झिकिएको छ ।

१०१. विशेष अदालत ऐन, २०५९ मा संशोधन : विशेष अदालत ऐन, २०५९ को,-

(१) दफा १९ मा रहेका "संसदको दुवै सदनमा" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसदमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

(३) अनुसूचीको सट्टा देहायको अनुसूची राखिएको छ :-

"अनुसूची

(दफा १३ सँग सम्बन्धित)

शपथ

म ... ... ... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण निष्ठावान रही आफूले ग्रहण गरेको ... ... पदको जिम्मेवारी न्यायपालिकाको स्वच्छता र मर्यादा विपरीत नहुने गरी, कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीताका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

...............

मिति : हस्ताक्षर"

१०२. महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ मा संशोधन : महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ को,-

(१) प्रस्तावनामा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संवैधानिक पदाधिकारी" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४९ को उपधारा (१) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा नियुक्त भएको संवैधानिक निकायको बहालवाला पदाधिकारी सम्झनु पर्छ र सो शब्दले सर्वोच्च अदालतको बहालवाला न्यायाधीश समेतलाई जनाउँछ । "

(३) ठाउँ ठाउँमा रहेका "प्रतिनिधि सभा" र "संसद" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद " भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ :-

"१४. पदमुक्त भएको मानिने : दफा १२ को उपदफा (३) बमोजिम व्यवस्थापिका-संसदबाट आरोपित संवैधानिक पदाधिकारी उपर महाअभियोगको प्रस्ताव पारित भएपछि त्यस्तो पदाधिकारी पदबाट स्वतः मुक्त भएको मानिनेछ ।"

(५) दफा १३ खारेज गरिएको छ ।

१०३. भ्रष्टाचार निवारण ऐन, २०५९ मा संशोधन : भ्रष्टाचार निवारण ऐन, २०५९ को,-

(१) दफा २ को खण्ड (घ) को उपखण्ड (१) मा रहेका "श्री ५, नेपाल सरकार वा सार्वजनिक संस्था समक्ष लिएको शपथबाट वा श्री ५" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति, नेपाल सरकार वा सार्वजनिक संस्था समक्ष लिएको शपथबाट वा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४, ५, ६, ८, ९, १० र १७ मा रहेका "श्री ५," भन्ने शब्दहरु झिकिएका छुन ।

(३) दफा २४ मा रहेका "श्री ५ बाट" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपतिबाट" भन्ने शब्द राखिएको छ ।

(४) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

१०४. सैनिक ऐन, २०६३ मा संशोधन : सैनिक ऐन, २०६३ को,-

(१) दफा ६ को,-

(क) उपदफा (१) र (२) झिकिएका छन् ।

(ख) उपदफा (३) मा रहेका "उपदफा (१) मा उल्लिखित" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लिखित" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (३) को खण्ड (क) मा रहेका "नियन्त्रण, प्रयोग र परिचालन" भन्ने शब्दहरुको सट्टा "परिचालन, सञ्चालन र प्रयोग" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ८ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ। निजलाई दर्ज्यानी चिन्ह राष्ट्रपतिबाट प्रदान गरिनेछ।"

(ख) उपदफा (३) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ९ को उपदफा (२) मा रहेको "प्रधानमन्त्री" भन्ने शब्दको सट्टा "राष्ट्रपति" भन्ने शब्द राखिएको छ।

(४) दफा १० को उपदफा (२) मा रहेका "प्रतिनिधि सभामा" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसदमा" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ११ को उपदफा (३) मा रहेको "सेनापतिलाई" भन्ने शब्द पछि "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले" भन्ने शब्दहरु थपिएका छन्।

(६) दफा ३५ को उपदफा (२) मा रहेका "उपनियम" भन्ने शब्दको सट्टा "उपदफा" भन्ने शब्द राखिएको छ।

(७) अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ :-

"अनुसूची-२

(दफा ९ को उपदफा (२) र दफा १६ सँग सम्बन्धित)

शपथ

म … … … … मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण वफादार रहँदै … … … पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

……………

मिति : हस्ताक्षर"

(८) दफा ५ खारेज गरिएको छ।

१०५. <u>नेपाल कानून आयोग ऐन, २०६३ मा संशोधन</u> : नेपाल कानून आयोग ऐन, २०६३ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) सभापति, कानून, न्याय तथा संविधान सभा सम्बद्ध समिति - सदस्य।"

(२) दफा ९ मा रहेका "प्रतिनिधि सभाको कानून, न्याय तथा संसदीय व्यवस्था समितिका" भन्ने शब्दहरुको सट्टा "संविधान सभाको कानून, न्याय तथा संविधान सभा सम्बद्ध समितिका" भन्ने शब्दहरु राखिएका छन्।

१०६. <u>लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ मा संशोधन</u> : लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा ७ को उपदफा (२) को खण्ड (घ) झिकिएको छ।

१०७. राष्ट्रिय महिला आयोग ऐन, २०६३ मा संशोधन : राष्ट्रिय महिला आयोग ऐन, २०६३ को दफा ७ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) संविधान सभाका अध्यक्षले तोकेको सो सभाको एकजना सदस्य - सदस्य"

१०८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ मा संशोधन : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ७ को उपदफा (२) को खण्ड (ग) झिकिएको छ ।

१०९. नार्गाजुन शाही वन प्रवेश तथा वन पैदावार बिक्री वितरण नियमावली, २०३२ मा संशोधन : नार्गाजुन शाही वन प्रवेश तथा वन पैदावार बिक्री वितरण नियमावली, २०३२ को,-

(१) नियम २ को खण्ड (ख) मा रहेका "शाही वन्यजन्तु संरक्षण विभाग, राजदरवारबाट" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(२) नियम ६ मा रहेका "ढुकुटी विभाग, राजदरवारमा" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँ ठाउँमा रहेको "शाही" भन्ने शब्द झिकिएको छ ।

११०. संशोधन तथा खारेजी : (१) प्रचलित कानूनमा रहेको "श्री ५ को प्रशस्ति" झिकिएको छ ।

(२) देहायका ऐनमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ :-

(१) आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७,

(२) नेपाल कोर्ट फी ऐन, २०१७,

(३) विष्फोटक पदार्थ ऐन, २०१८,

(४) जासुसी ऐन, २०१८,

(५) ब्रेटन उड्स सम्झौता ऐन, २०१८,

(६) आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९,

(७) हुलाक ऐन, २०१९,

(८) घर जग्गा कर ऐन, २०१९,

(९) आय टिकट दस्तुर ऐन, २०१९,

(१०) जग्गा (नाप जाँच) ऐन, २०१९,

(११) जुवा ऐन, २०२०,

(१२) साझेदारी ऐन, २०२०,

(१३) विफर नियन्त्रण ऐन, २०२०,

(१४) नेपाल मेडिकल काउन्सिल ऐन, २०२०,

(१५) रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०,

(१६) नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१,

(१७) छात्रवृत्ति सम्बन्धी ऐन, २०२१,

(१८) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१,

(१९) पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२,

Nepal Law Commission

(२०) होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३,

(२१) चिठ्ठा ऐन, २०२५,

(२२) स्टाण्डर्ड नाप र तौल ऐन, २०२५,

(२३) नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७,

(२४) नेपाल पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७,

(२५) पानी जहाज दर्ता ऐन, २०२७,

(२६) केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७,

(२७) सञ्चार संस्थान ऐन, २०२८,

(२८) स्थानीय प्रशासन ऐन, २०२८,

(२९) विवाह दर्ता  ऐन, २०२८,

(३०) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९,

(३१) चन्दा ऐन, २०३०,

(३२) मदिरा ऐन, २०३१,

(३३) सवारी साधन कर ऐन, २०३१,

(३४) लागू औषध (नियन्त्रण) ऐन, २०३३,

(३५) सामाजिक व्यवहार (सुधार) ऐन, २०३३,

(३६) खाद्य ऐन, २०३३,

(३७) दाना पदार्थ ऐन, २०३३,

(३८) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३,

(३९) कर फछ्र्यौट आयोग ऐन, २०३३,

(४०) मालपोत ऐन, २०३४,

(४१) विनिमेय अधिकारपत्र ऐन, २०३४,

(४२) संस्था दर्ता ऐन, २०३४,

(४३) पर्यटन ऐन, २०३५,

(४४) नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७,

(४५) भू-तथा जलाधार संरक्षण ऐन, २०३९,

(४६) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९,

(४७) खानी तथा खनिज पदार्थ ऐन, २०४२,

(४८) निवृत्ति कोष ऐन, २०४२,

(४९) फोहरमैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४,

(५०) नगर विकास ऐन, २०४५,

(५१) आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५,

Nepal Law Commission

(५२) सुर्पुदगी ऐन, २०४५,

(५३) बीउ विजन ऐन, २०४५,

(५४) सार्वजनिक सुरक्षा ऐन, २०४६,

(५५) नेपाल खानेपानी संस्थान ऐन, २०४६,

(५६) नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७,

(५७) सम्पत्ति कर ऐन, २०४७,

(५८) खेलकुद विकास ऐन, २०४८,

(५९) पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा सम्बन्धी ऐन, २०४८,

(६०) बालबालिका सम्बन्धी ऐन, २०४८,

(६१) राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८,

(६२) ट्रेड यूनियन ऐन, २०४९,

(६३) निजामती सेवा ऐन, २०४९,

(६४) वन ऐन, २०४९,

(६५) जलस्रोत ऐन, २०४९,

(६६) विद्युत ऐन, २०४९,

(६७) अध्यागमन ऐन, २०४९,

(६८) औद्योगिक व्यवसाय ऐन, २०४९,

(६९) राष्ट्रिय चिया तथा कफि विकास बोर्ड ऐन, २०४९,

(७०) राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९,

(७१) समाज कल्याण ऐन, २०४९,

(७२) बीमा ऐन, २०४९,

(७३) मन्त्रीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९,

(७४) विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०,

(७५) पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०,

(७६) नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०,

(७७) नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२,

(७८) मूल्य अभिवृद्धि कर ऐन, २०५२,

(७९) राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२,

(८०) दूर सञ्चार ऐन, २०५३,

(८१) नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३,

(८२) औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३,

(८३) नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३,

Nepal Law Commission

(८४) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३,

(८५) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३,

(८६) नगर विकास कोष ऐन, २०५३,

(८७) वातावरण संरक्षण ऐन, २०५३,

(८८) नेपाल पर्यटन बोर्ड ऐन, २०५३,

(८९) संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४,

(९०) नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५,

(९१) निर्माण व्यवसाय ऐन, २०५५,

(९२) मध्यस्थता ऐन, २०५५,

(९३) आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५,

(९४) नेपाल पशु चिकित्सक परिषद् ऐन, २०५५

(९५) पशु बधशाला र मासु जाँच ऐन, २०५५,

(९६) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५,

(९७) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५,

(९८) सडक बोर्ड ऐन, २०५८,

(९९) विद्युत चोरी नियन्त्रण ऐन, २०५८,

(१००) अन्तःशुल्क ऐन, २०५८,

(१०१) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८,

(१०२) प्रतिलिपि अधिकार ऐन, २०५९ ।

(३) देहायका कानूनहरु खारेज गरिएका छन् :-

(१) राजपरिवार खर्च व्यवस्था ऐन, २०३१,

(२) राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४,

(३) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७,

(४) निर्वाचन क्षेत्र निर्धारण आयोग ऐन, २०४७,

(५) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४७,

(६) राज्य रजौटा सम्बन्धी नियमावली, २०४४,

(७) प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०४७,

(८) राजगुरुज्यू तथा मूल पुरोहित सम्बन्धी नियमावली, २०४९ ।

१११. <u>रुपान्तर</u> : प्रचलित कानूनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ :-

(क) "श्री ५ को अर्थ मन्त्री" को सट्टा "अर्थ मन्त्री",

(ख) "नगर पञ्चायत" को सट्टा "नगरपालिका",

(ग) "नेपाल राष्ट्र बैङ्क ऐन, २०१२" को सट्टा "राष्ट्र बैङ्क ऐन, २०५८",



Nepal Law Commission

(घ) “राष्ट्र ऋण ऐन, २०१७” को सट्टा “राष्ट्र ऋण ऐन, २०५९”,

(ङ) “भ्रष्टाचार निवारण ऐन, २०१७” को सट्टा “भ्रष्टाचार निवारण ऐन, २०५९”,

(च) “वन ऐन, २०१८” को सट्टा “वन ऐन, २०४९”,

(छ) “धितोपत्र कारोबार ऐन, २०४०” को सट्टा “धितोपत्र सम्बन्धी ऐन, २०६३”,

(ज) “कम्पनी ऐन, २०५३” को सट्टा “कम्पनी ऐन, २०६३”।

Nepal Law Commission